# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०८०।०७।२०

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघले थालेको सदस्यता शुद्धीकरण अभियानको अन्तिम संघारमा रहेको सर्बविदितै छ । नेपाल पत्रकार महासंघको नयाँ सदस्यता र सदस्यता नवीकरण सम्बन्धमा महासंघको २०७९ पुस ८ र ९ गते सुर्खेतमा सम्पन्न केन्द्रीय साधारणसभाको म्यान्डेटअनुसार गठित शुद्धीकरण समितिको विभिन्न चरणमा बसेको बैठकमा गहन छलफल भई सबै प्रदेश समिति तथा शाखा समितिको सुझाव, सल्लाह एवं प्रस्तावका आधारमा महासंघको **सदस्यता शुद्धीकरण कार्यविधि-२०७९** तयार गरी सदस्यता शुद्धीकरणको अभियानलाई अगाडि बढाइएको हो ।

उक्त कार्यविधिबमोजिम नेपाल पत्रकार महासंघले नयाँ सदस्यता र सदस्य नवीकरण सम्बन्धमा 'शुद्धीकरण मापदण्ड-२०७९' अनुसार शाखा समितिमा प्राप्त भएका सदस्यहरुको विवरण अध्ययन गरी सबै शाखा समितिबाट प्रदेश समितिलाई नयाँ सदस्यता तथा नवीरकणका लागि नामवली सिफारिस गरिएको थियो ।

शाखा समितिबाट प्रदेश समितिलाई सिफारिस भएका नामावलीको अध्ययन तथा छानबिन गरी प्रदेश समितिले सो नामावली सार्वजनिक गरी त्यस उपर परेको उजुरीमाथिसमेत आवश्यक छानबिन गरेर प्रदेश समितिले केन्द्रीय समितिलाई पठाएको थियो ।

प्रदेश समितिमार्फत आएका प्रस्तावित नामावली शुद्धीकरण समितिबाट सार्वजनिक गरी त्यसमाथि भएका निर्णयप्रति उजुरी प्राप्त भएका र त्यस शुद्धीकरण समितिमार्फत निरुपण गरिने भएकोले देशभरका प्रदेश तथा शाखा कार्यसमितिका कार्यालयमा लगाइएका ताला खोली वातावरण सहज बनाउन सम्बन्धित सबैमा आह्वान गर्दछ । शुद्धीकरण समितिको निर्णयअनुसार यही कात्तिक २५ गतेसम्म उजुरी गर्ने समय थप गरिएको पनि जानकारी गराइन्छ ।

महासंघले थालेको यो शुद्धीकरण अभियानलाई सफल बनाउन सम्बन्धित सबै संघसंगठनको भूमिका सराहनीय हुनेमा महासंघ विश्वस्त छ ।

रोसन पुरी
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org